# चौदण्डीगढी नगरपालिकाको आन्तरिक स्रोत मार्फत पशुपंछी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

चौदण्डीगढी नगरकार्यपालिकाले पशुपंछीजन्य उत्पादन तथा उत्पादकत्वको वृद्धि मार्फत आत्मनिर्भरता हासिल गर्ने, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनको साथै पशुपन्छीको महामारीको प्रभावकारी नियन्त्रण गर्ने उदेश्यले पशुपन्छी तथा मत्स्य क्षेत्रका अनुदान कार्यक्रमहरुको कार्यान्वयनलाई व्यवस्थित, पारदर्शी, प्रभावकारी र अपेक्षित प्रतिफलमुखी बनाउन वाञ्छानीय भएकाले नेपाल सरकारको विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा(२) अनुसार यस नगरपालिकाले यो कार्यविधि तयार गरिएको हो ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम आन्तरिक स्रोत मार्फत पशुपंछी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि, २०८१ रहेको छ ।

(यो) कार्यविधि स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "मन्त्रालय" भन्नाले नेपाल सरकारको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(ख) "प्रदेश मन्त्रालय" भन्नाले कोशी प्रदेशस्थित रहेको पशुपन्छी तथा मत्स्य विकास क्षेत्र हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

(ग) "विभाग" भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गतको पशु सेवा विभाग सम्झनु पर्छ ।

(घ) "निर्देशनालय" भन्नाले कोशी प्रदेशमा रहेको पशुपन्छी तथा मत्स्य विकास क्षेत्र हेर्ने निर्देशनालय सम्झनु पर्छ ।

(ङ) "स्थानीय तह" भन्नाले चौदण्डीगढी नगरपालिका सम्झनुपर्छ ।

(च) "समुह वा समिति" भन्नाले स्थानीय तहमा दर्ता भएको वा कानून बमोजिम दर्ता/सूचिकृत भएका पशुपालन कृषक समूह/समिति सम्झनु पर्छ ।

(छ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम वा प्रचलित कानून बमोजिम दर्ता भएका कृषि, पशुपालन, मत्स्य वा दुग्ध उत्पादन/ व्यवसाय सम्बन्धी कार्य गर्ने उदेश्यले स्थापित सहकारी संस्था सम्झनु पर्छ ।

(ज) "साझेदारी/लागत साझेदारी/सहकार्य" भन्नाले कायक्रम संचालनार्थ गरिने द्विपक्षीय सम्झौता पत्रमा उल्लेखित दोस्रो पक्ष (अनुदानग्राही) को वित्तीय दायित्वलाई जनाउँछ ।

(झ) "अनुदानग्राही/लाभग्राही" भन्नाले यस कार्यविधि बमोजिम सर्शत कार्यक्रम सञ्चालनका लागि छनौट भएक कृषक समूह/समिति/ सहकारी, सङ्घ/कम्पनी, निजी, उद्यमी/ व्यवसवयीहरुलाई सम्झनु पर्छ ।

(ञ) पशुपंछी तथा मत्स्य विकास कार्यक्रम " भन्नाले चौदण्डीगढी नगरपालिकाबाट आन्तरिक श्रोत मार्फत् पशु सेवा शाखामा विनियोजित पशुपन्छी तथा मत्स्य विकासका कार्यक्रमहरुलाई सम्झनु पर्छ ।

(ट) "सम्बधिन्त कार्यालय" भन्नाले चौदण्डीगढी नगरपालिकाको पशुपन्छी तथा मत्स्य विकास क्षेत्र हेर्ने कार्यालय सम्झनु पर्छ ।

(ठ) "पशुपन्छीजन्य उत्पादन" भन्नाले दुध, फुल,माछा,मासु, ऊन, पश्मिना हाड, छाला र यिनीहरुबाट बनेका वस्तुहरुलाई समेत जनाउँछ ।

३. उदेश्यः यस कार्यविधि बमोजिम सञ्चालन हुने कार्यक्रमहरुको उदेश्य देहाय बमोजिम हुनेछ ।
(क) आन्तरिक स्रोत तर्फको कार्यक्रमहरुको कार्यान्वयनमा, अनुगमन र प्रगति प्रेषणमा सहजीकरण गर्ने ।
(ख) आन्तरिक स्रोत तर्फको कार्यक्रमहरुको कार्यान्वयनमा प्रभावकारिता, पारदर्शिता र एकरुपता कायम गर्ने ।
(ग) आन्तरिक स्रोत तर्फको कार्यक्रमसँग सम्बन्धित सरोकारवालाहरुलाई सुसुचित गर्ने ।
(घ) पशुपन्छी तथा मत्स्यजन्य उत्पादन र उत्पादकत्व अभिवृद्धि गरी आत्मनिर्भरता, आयत प्रतिस्थापन र तिर्यात प्रवर्द्धनमा टेवा प्ऱ्याउने

## परिच्छेद २
## कार्यक्रम व्यस्थापन

४. लक्षित वर्ग र क्षेत्रः (१)चौदण्डीगढी नगरपालिकाले आन्तरिक स्रोत तर्फको कार्यक्रमको प्रकृति तथा स्थानीय सम्भावना र आवश्यकताको आधारमा आन्तरिक स्रोत तर्फको कार्यक्रममा समेटिने कृषक, समूह, समिति, सहकारी, फार्म, संस्था, कम्पनी, निजी उद्यमी, व्यवसायी तथा लक्षित वर्गको पहिचान र निर्धारण गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

(२) चौदण्डीगढी नगरपालिकाले कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा आफ्नो कार्यक्षेत्र भित्रको उपयुक्त स्थाननको पहिचान गरी कार्यक्रम सञ्चालन गर्नेछ ।

५. <u>समन्वय तथा अनुगमन समिति:</u>(१) चौदण्डीगढी नगरपालिकाले आन्तरिक स्रोत तर्फको कार्यक्रम कार्यान्वयनमा सहजीकरण, समन्वय र अनुगमनका लागि समन्वय तथा अनुगमन समिति गठन गर्न सक्नेछ। तर पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि कुनै समिति वा संरचना विद्यमान भएमा सोही समितिले यस दफा बमोजिमको कार्य गर्न सक्नेछ ।

(२) समन्वय तथा अनुगमन समितिको, काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) आन्तरिक स्रोत तर्फको कार्यक्रम प्रभावकारी कार्यान्वयनको लागि नगरपालिकासँग आवश्यक समन्वय गर्ने
(ख) चौदण्डीगढी नगरपालिकाबाट सञ्चालित कार्यक्रमहरुको अनुगमन र समीक्षा गर्ने,
(ग) आन्तरिक स्रोत तर्फको कार्यक्रम सञ्चालन गर्दा सम्बन्धी कार्यालयले वर्षको कम्तिमा दुई पटक समीक्षा बैठक सञ्चालन गर्ने र यस्तो समीक्षा बैठकमा नगरपालिकाको सहभागिता गराउनु पर्ने,
(घ) आन्तरिक स्रोत तर्फको कार्यक्रम सञ्चालनमा आइपरेका समस्या समाधानका लागि आवश्यक समन्वय गर्ने ।

६. <u>कार्यक्रम कार्यान्वयन कार्यदलः</u> (१) चौदण्डीगढी नगरपालिकाले पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्नका लागि पशुपन्छी तथा मत्स्य क्षेत्र हेर्ने पदाधिकारीको संयोजकत्वमा पशु सेवा शाखाका प्रविधिक संलग्न रहने गरी एक कार्यक्रम कार्यान्वयन कार्यदल गठन गर्नेछ तर पशुपन्छी तथा

मत्स्य विकास सम्बन्धी कार्यक्रम सञ्चालनका लागि कुनै समिति वा संरचना विद्यमान भएमा सोहि समितिले यस दफा बमोजिमको कार्य गर्न सक्नेछ ।

(क) आन्तरिक स्रोत तर्फको कार्यक्रम प्रोत्साहान अनुदान तथा व्यवसाय विस्तार अनुदान प्रदान गरिने लक्षित गर्ग, क्षेत्र, समुदाय र अनुदानग्राही छनौटका आधारहरु निर्धारण गर्ने,

(ख) पशुपन्छी तथा मत्स्य प्रवर्द्धन, व्यवसायीकरणको क्षेत्रमा नव-प्राविधिक अवलम्बन गरेका र अरु व्यवसायीहरुलाई प्रविधिक सिकाउन तथा उत्प्रेरित गर्न उत्प्रेरकको, अगुवाको रुपमा कार्य गर्दै आएका कृषक व्यवसायीकरणको सुचना प्रवाह गरेर सुची तयार गर्ने,

(ग) सुचीकृत गरिएको पशुपन्छी तथा मत्स्य व्यवसायीहरुलाई निश्चित मापदण्ड तयार गरी मूल्याङ्कन, स्थलगत अनुगमन गरि उत्कृष्ट ठहरिएका व्यवसायीहरुलाई उपलब्ध बजेटको अवस्था हेरी निश्चित प्रोत्साहन अनुदान उपलब्ध गराउन सिफारिस गर्ने

(घ) व्यवसाय विस्तारको लागि पुरक प्रोत्साहन अनुदान प्रदान गर्न व्यवसायहरुको मापदण्ड तयार गरी व्यवसाय विस्तार गर्न ईच्छुक व्यवसायीहरुको लागि,

(ङ) व्यवसाय विस्तारको प्रस्तावको मूल्याङ्कन गरी सिफारिस गर्ने,

(च) प्रोत्सहन अनुदान तथा व्यवसाय विस्तार अनुदान प्राप्त गर्ने मापदण्ड र प्राप्त गर्ने कृषकहरुको नामावली एफ.एम. रेडियो तथा स्थानीय पत्रिकामा प्रकाशन गर्ने ।

(छ) व्यवसाय विस्तारको लागि पुरक प्रोत्साहन अनुदानको लागि छनोट भएका अनुदानग्राहीहरुलाई उपलब्ध गराइने अनुदान रकम यकिन गरी सम्झौताको लागि सिफारिस गर्ने,

(ज) सम्झौता अनुसार सम्पादित कार्यको अनुगमन गरी कार्य प्रगति सम्झौता अनुसार रहेमा अनुदान रकम भुक्तानीका लागि सिफारिस गर्ने र सम्झौता अनुसार कार्य भएको नपाइएमा वा अनुदानको दरुपयोग भएको अवस्थामा अनुदान रोक्का वा सम्झौता रद्ध गर्न सिफारिस गर्ने

(झ) सञ्चालित आन्तरिक स्रोत तर्फको कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन, पृष्ठपोषण र समीक्ष गर्ने ।

(ञ)सञ्चालित आन्तरिक स्रोत तर्फको कार्यक्रम सञ्चलनमा र आइपरेका समस्या सम्बोधनमा आवश्यक समन्वय गर्ने ।

(३) पशु सेवा हेर्ने शाखाले कार्यदलको सचिवालयको कार्य गर्नेछ ।

(४) यस कार्यविधि अनुरुप प्राप्त आवेदनहरुको मूल्याङ्कन, स्थलगत निरीक्षण, अनुगमन, सम्पादित कार्यको प्रमाणीकरण, भुक्तानी सिफारिस र अन्य कार्यहरुका लागि कार्यदल आवश्यकता अनुसार कार्यसमूह गठन गरी जिम्मेवारी प्रदान गर्न सक्नेछ ।

## परिक्षेद ३
## कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

७. कार्यक्रम संचालन पक्रिया: (१) आन्तरिक स्रोत तर्फको कार्यक्रम अन्तर्गत अनुदान प्रदान गरिने कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कार्यालयले वार्षिक विनियोजन अनुसारका कार्यक्रम सञ्चालन गर्नका लागि नियमानुसारको म्याद दिई अनुसूचि-१ बमोजिमको सार्वजनिक सूचना मार्फत आवेदन/कार्ययोजना माग गर्नुपर्नेछ तर आवेदन आव्हान गरी प्रतिस्पर्धात्मक रुपमा लाभग्राही छनौट गर्नु नपर्ने प्रकृतिका नियमित पशुपंछी तथा मत्स्य विकास कार्यक्रमहरु यस चौदण्डीगढी नगरपालिकाले आवश्यक विधि निर्धारण गरी सञ्चालन गर्न सक्नेछन ।

(२) यस कार्यविधिको परिच्छेद ४ मा उल्लेखित विभिन्न कार्यक्रमसँग सम्बन्धित मापदण्ड, आधारभूत शर्त पूरा गर्ने इच्छुक आवेदकहरुले सशर्त कार्यक्रममा सहभागिताका लागि आवेदन पेश गर्न सक्नेछन् ।
(३) कार्यक्रममा सहभागी हुन चाहने आवेदकहरुले अनुसूचि-२ बमोजिमको संक्षिप्त कार्ययोजना, अनुसूचि-३ बमोजिमको निवेदन र अनुसूची-४ बमोजिका आवश्यक कागजातहरु संलग्न राखी निर्धारित समयभित्र नगरपालिकाको कार्यालयमा आवदेन/कार्ययोजना दर्ता गराउनु पर्नेछ ।
(४) यस नगरपालिकाले प्राप्त प्रस्तावहरु अनुसूची-५ बमोजिम मूल्याङ्कन र प्राथामिकीकरण गरी स्वीकृतिका लागि कार्यक्रम कार्यान्वयन कार्यदल समक्ष पेश गर्नेछ ।
(५) चौदण्डीगढी नगरपालिकाले आवेदन/कार्ययोजना छनौट पूर्व स्थलगत अनुगमन गर्नु पर्नेछ ।
(६) यस चौदण्डीगढी नगरपालिकामा पेश गरेका आवेदनहरु कार्यक्रम कार्यान्वयन कार्यदलले यथास्थितिमै वा आवश्यक परिमार्जन सहित स्वीकृत गर्नेछ ।
(७) स्वीकृत आवेदनमा आवेदकहरुसँग सम्बन्धित कार्यालयले अनुसूची-६ बमोजिमको द्धिपक्षीय सम्झौता गरी कार्यक्रम सञ्चालन गनुपर्नेछ ।
(८) तालिम भ्रमण गोष्ठी अनुगमन र प्रशासनिक कार्यमा विनियोजित बजेटको बढिमा ५ प्रतिशत मात्र खर्च गर्न सकिनेछ ।

८. **प्रदान गरिने सहुलियत र अनुदानः** (१) आन्तरिक स्रोतबाट विनियोजित बजेट यस कार्यविधिको परिच्छेद ४ मा उल्लेखित विभिन्न कार्यक्रमको उदेश्य, प्रमुख क्रियाकलाप, न्यूनतम मापदण्ड र अन्य प्रविधिक पक्ष समेटिएका तथा स्थान विशेषको आवश्यकता बमोजिमका पशुपन्छी तथा मत्स्य विकास सम्बन्धी कार्य सञ्चालन गर्दा गरिने अनुदान नगद, वस्तुगत वा दुवै प्रकृतिको हुन सक्नेछ ।
(२) यस चौदण्डीगढी नगरपालिकाको कार्यालयले प्रचलित सङ्घीय, प्रादेशिक र स्थानीय कानूनहरुको पालना गरी कार्यक्रम सञ्चालन एवम् विनियोजित आन्तरिक बजेटको खर्च गर्नु पर्नेछ ।
९. सुविधाको सीमाः यस चौदण्डीगढी नगरपालिकाले आन्तरिक स्रोत तर्फको कार्यक्रम अन्तर्गत सञ्चालन गरिने पशुपन्छी तथा मत्स्य विकास कार्यक्रमको अनुदान रकमको सीमा देहाय बमोजिम हुनेछ :
(क) सार्वजनिक निकायबाट सञ्चालन गरिने पशुपंछी तथा मत्स्य विकास कार्यक्रम पूर्वाधार निर्माण (सार्वजनिक पशुपंछी तथा मत्स्य विकास पूर्वाधार) को हकमा १०० प्रतिशत हुनेछ ।
(ख) कृषक समूह वा सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु वा उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका पशुपन्छी तथा मत्स्य विकास पूर्वाधारहरु ( सामुदायिक पशुपंछी तथा मत्स्य विकास सम्बन्धी) को हकमा ८५ प्रतिशत हुनेछ ।
(ग) निजी एवम् व्यावसायिक प्रयोजनका पशुपन्छी तथा मत्स्य विकास पूर्वाधारहरु(निजी पशुपन्छी तथा मत्स्य विकास पूर्वाधार) को हकमा ५० प्रतिशत हनेछ ।
(घ) प्रविधिक प्रसार तथा तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १०० प्रतिशत हुनेछ ।

## परिच्छेद ४
## कार्यक्रम र प्राविधिक पक्ष

१०. अन्तरिक स्रोत मार्फत सञ्चालन हुने कार्यक्रमहरु
अन्तरिक स्रोत मार्फत विनियोजित कार्यक्रलाई चार वर्गमा विभाजन गरिएको छ ।

(१) सेवा मूलक/सेवा प्रवाह सुदृढिकरण कार्यक्रम
(२) उत्पादन अभिवृद्धि कार्यक्रम
(३) पूर्वाधार विकास/निर्माण कार्यक्रम
(४) बजारीकरण कार्यक्रम

१०.१.१ महामारी/अकास्मिक रोग नियन्त्रण कार्यक्रमः (१) पशुपन्छीमा महामारीजन्य रोगहरु बेलावखत वा अकस्मातमा देखा परिरहने भएकोले उक्त रोगहरु तत्काल नियन्त्रण गरी अन्य क्षेत्रमा फैलिन नदिन महमारी/आकस्मिक रोग नियन्त्रण कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । पशुपन्छीमा देखिने विभिन्न महामारीजन्य रोगहरु जस्तै लम्पी स्किन रोग, खोरेत, पिपिआर, रानीखेत, रेबिज, क्लासिकल/ अफ्रिकन स्वाईन फिभर, भ्यागुने, चरचरे, ब्रुसेलोसिस, वर्ड फ्लु आदि रोगहरुको अन्बेषण तथा नियन्त्रण लगायतका कार्यमा खर्च गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका कार्य गर्दा देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।
(क) औषधी खरिद गर्ने,
(ख) खोप व्यवस्थापन गर्ने,
(ग) नमूना सङ्कलन तथा सम्प्रेषण,
(घ) आउटब्रेक अन्वेषण तथा व्यवस्थापन,
(ङ) खोपको प्रभाकारिता परिक्षण

(३) पशुपन्छी रोग नियन्त्रण कार्यक्रम अन्र्तगत खोप कार्य सञ्चालन गर्दा महामारी/आकास्मिक रोग नियन्त्रण कार्यक्रममा खोप कार्यमा संलग्न प्राविधिक भ्याक्सिनेटरहरुलाई पशुपन्छीमा खोप लगाए वापत ठूला चौपायहरुको हकमा पहाडमा प्रति पशु रु ४० तराईमा प्रति पशु रु. ३० र साना चौपायहरुको हकमा प्रति पशु रु. १० र पन्छीको हकमा प्रति पन्छी रु. १ सुविधा वापत रकम उपलब्ध गराउन सकिनेछ ।

१०.२ उत्पादन अभिवृद्धि कार्यक्रम

१०.२.१ कृत्रिम गर्भाधान कार्यक्रम (१) पशु नश्ल सुधारका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गरी दुध र मासुमा आत्मानिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा सघाउ पुर्‍याउने उद्देश्यले अनरुप कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिनेछ

(२) कृत्रिम गर्भाधान कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

१०.३ पुर्वाधार विकास/निर्माण कार्यक्रम

१०.३.१ पशुपन्छी विपत पुनस्थापना कार्यक्रमः(१) पशुपन्छी पालनमा प्राकृतिक विपद् तथा प्रकोपबाट क्षति भएका कृषकहरुलाई पशुपन्छी पालन व्यवसायमा पुर्नस्थापना गर्न यो कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

(२) यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।
(क) गोठ/खोरको पुर्ननिर्माण/सुधार
(ख) पशुपन्छी खरिद तथा ढुवानी,

(ग) आहार व्यवस्थापन,
(घ) औषधी उपचार, परजिवी नियन्त्रण तथा खोप कार्य,
(च) जैविक सुरक्षा सम्बन्धी कार्यहरु,
(छ) होर्डिङ्गबोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सावर्जनिक सुनवाई, अनुगमन प्रतिवेदन र अन्य प्राविधिक कार्यहरु ।

१०.४ बजारीकरण कार्यक्रम
१०.४.१ दुध सङ्कलन केन्द्र निर्माण (१) स्थानीय स्तरमा गुणस्तरीय दुध संङ्कलन, ढुवानी, भण्डारण गर्ने उदेश्यले यो कार्यक्रमा सञ्चालन गर्नुपर्ने छ ।
(२) यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु गर्न सकिनेछ ।
(क) दुध सङ्कलन ढुवानी भण्डारण र बिक्री वितरणका लागि आवश्यक संरचना निर्माण,
(ख) क्यान, कण्टेनर, डिपफ्रिज चिलिङ्ग भ्याट तथा बजारिकरण लागि आवश्यक यन्त्र उपकरणहरुको व्यवस्थापन,
(ग) होर्डिङ्गबोर्ड कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक सुवाई, अनुगमन, प्रतिवेदन र अन्य प्राविधिक कार्यहरु ।
१०.४.२ डेरी प्रर्वर्द्धन कार्यक्रम (१) स्थानीय स्तरमा गुणस्तरीय दुध सङ्कलन ढुवानी, भण्डारण, उत्पादन विविधीकरण गरी बजारिकरण गर्ने उदेश्यले यो कार्यक्रम सञ्चलन गर्नुपर्ने छ ।
(२) यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु गर्न सकिनेछ ।
(क) दुध सङ्लन, ढुवानी, भण्डारण, विविधिकरण र बिक्री वितरणका लागि आवश्यक संरचना निर्माण ।
(ख) क्यान, कण्टेनर, डिपफ्रिज, चिलिङ भ्याट तथा विविधिकरण र बजारिकरणका लागि आवश्यक यन्त्र उपकरणहरुको व्यवस्थापन ।
(घ) होर्डिङ बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजानिक सुनवाई, अनुगमन, प्रतिवेदन र अन्य प्रविधिक कार्यहरु ।

१०.४.३ मासु प्रशोधन कार्यक्रम (१) स्वच्छ मासु उत्पादन, प्रशोधन, भण्डारण र ढुवानी गरी जनस्वास्थ्यको हित कायम गर्ने उदेश्यले यो कार्यक्रम सञ्चालन गरिनेछ
(२) यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरु गर्न सकिनेछ ।
(क) आवश्यक संरचना निर्माण/ सुधार, मेशिनरी, औजार, यन्त्र, उपकरण, विशेष प्रकारका तोकिए बमोजिमको ढुवानी साधन आदि व्यवस्थापन ।
(ख) बिक्री कक्ष, आउटलेट, फ्रिजर, डिपफ्रिज, कोल्ड रुम, ब्लास्टिङ् रुम, मिनी प्रयोगशाला, भ्याकुम प्याकर, स्टेनलेस स्टिनलेस स्टिल टेबल, मिट कटर, चपिङ्ग बोर्ड, ईलेक्ट्रिक बेयिङ्ग मेसिन, प्याकेजिङ् मेसिन तथा अन्य यन्त्र उपकरण

## परिच्छेद-५
## विविध

११. प्रतिवेदन पेश गर्नुपर्ने :(१) आन्तरिक स्रोत तर्फको कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित कार्यालयले अनुसूची-७ बमोजिम अर्धवार्षिक र वार्षिक प्रगति प्रतिवेदन अनिवार्य रुपमा नगर कार्यपालिकामा पठाउने

पर्नेछ। यस बाहेक समय समय समयमा माग भए अनुसारका विवरण उपलब्ध गराउनु पशु सेवा शाखाको जिम्मेवारी हुनेछ।
(२) पशु सेवा शाखाले अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन नगर कार्यपालिकामा पठाउनुपर्नेछ।
(३) पशु सेवा शाखाले सार्वजानिक जानकारीको लागि अनुदानग्राहीहरुको विवरण नियमित अध्यावधिक गरी प्रकाशन तथा सार्वाजनीकरण गर्नुपर्नेछ। साथै त्यस्तो अनुदान विवरणको अभिलेख राख्नु पर्नेछ।

१२. कार्यक्रमको जानकारी दिनुपर्ने : (१) अनुदानमा सञ्चालित पूँजीगत प्रकृतिका कार्यक्रमको हकमा सम्बन्धित अनुदनग्राहीले आफुले सञ्चालन गरेको आन्तरिक स्रोत सम्बन्धी जानकारीमुलक विवरण अनुसूची–८ बमोजिमको ढाँचामा तयार गरी कार्यक्रम स्थलमा सबैले देख्ने गरी राख्नु पर्नेछ।

१३. बीमा गर्नु पर्ने (१) यस कार्यविधि अनुसार नगद अनुदान प्रप्त गर्ने अनुदानग्राहीले पशुपन्छी तथा मत्स्य र भौतिक पुर्वाधारहरुको बीमा गर्नु पर्नेछ।
(२) बीमा नगरेको अवस्थामा पुग्न जाने क्षतिको लागि अनुदानग्राही स्वयम् जिम्मेवार हुनेछ।

१४. असुल उपर हुने : कार्यविधि बमोजिम अनुदानग्राहीले प्राप्त गरेको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र खर्च गरेको पाईएमा वा अनुदान रकमको दुरुपयोग भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

१५. दोहोरो सुविधा लिन नपाउने : (१) अनुदानग्राहीले एउटै प्रकृतिको कामको लागि एक भन्दा बढी निकायबाट अनुदान प्राप्त गर्न सक्ने छैन तर अन्य साझेदार निकायसँगको सम्झौता र लागत अनुमानमा साझेदारीको हिस्सा स्पष्ट उल्लेख गरिएको अवस्थामाअनुदान प्रदान गर्न वाधा पर्ने छैन।

१६. जिम्मेवरी हुनेः (१) आन्तरिक स्रोत तर्फको कार्यक्रम सञ्चालन गर्दा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ तथा सार्वनिक खरिद ऐन, २०६३ र नियमावाली, २०६४ को पालना गरी वित्तीय अनुशासन कायम गर्ने/गराउने तथा गुणस्तरीय कार्य सम्पादनको सुनिश्चितता गर्ने जिम्मेवारी सम्बन्धित कार्यालय प्रमुखको हुनेछ।

१७. गुनासो व्यवस्थापन :(१) अनुदान सम्बन्धी कुनै गुनासो भएमा सम्बन्धीत कार्यालयमा निबेदन दिन सकिनेछ।

१८. व्यख्या, संशोधन र बाधा अड्काउ फुकाउः (१) यस कार्यविधिको आवश्यक व्याख्या नगरपालिकाको कार्यापालिकाले गर्न सक्नेछ।
(२) आन्तरिक स्रोत तर्फको कार्यक्रमको कार्यान्वयनमा बाधा अड्काउ परेमा यस कार्यविधिको उदेश्य विपरित नहुने गरी नगरपालिकाले बाधा अड्काउ फुकाउन र कार्यविधि संशोधन गर्न सक्नेछ।

(३) आन्तरिक स्रोत तर्फको कार्यक्रम कार्यान्वयनका क्रममा कार्यक्रम सञ्चालन स्थल, लाभग्राही परिवर्तन लगायतका विषय सम्बन्धित तहको निर्णय सहित सिफारिस भई आएमा नगरपालिकाले औचित्यताको आधारमा आवश्यक निर्णय गर्न सक्नेछ।

१९. अनुगमन तथा मूल्याङ्कनः (१) कार्यक्रमको अनुगमन स्थानीय तहका सम्बन्धित कार्यालयबाट हुनेछ। (२) पशु सेवा शाखाले सरोकारवालाहरुको समेत सहभागितामा आन्तरिक स्रोत तर्फको कार्यक्रमहरु फिल्ड अनुगमन गरी ६-६ महिनामा समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

(३) आवश्यकता अनुसार यस कार्यविधि बमोजिमको निर्देशक समिति, समन्वय तथा अनुगमन समिति र कार्यक्रम कार्यान्वयन कार्यदलबाट कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन हुनेछ।

(४) अनुगमनको क्रममा दिइएका मौखिक वा लिखित निर्देशनहरुको पालना गर्नु सम्बन्धित कार्यालय र अनुदानग्राहीको कर्तव्य हुनेछ।

(५) आन्तरिक स्रोत तर्फको कार्यक्रमहरुको पशु सेवा शाखा तथा नगरपालिकाको समन्वयमा वार्षिक समीक्षा कार्य गर्नुपर्नेछ।

(६) आन्तरिक स्रोत तर्फको कार्यक्रम अनुगमन तथा मूल्याङ्कनको आधारमा निर्देशक समितिले क्रमागत रुपामा कार्यक्रम तर्जुमा र कार्यान्वयन सम्बन्धी निर्देशन दिन सक्नेछ।

## अनुसूची १

## आवेदन पेश गर्ने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति :-**

यस कार्यालयको आ.ब......... को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएको पशुपंछी तथा मत्स्य विकास कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधी २०८१ बमोजिम कार्यक्रम संचालन गर्न इच्छुक कृषक/समुह/समिति/सहकारी/ सङ्घ/सस्था/कम्पनी/फार्म/निजी उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले .....औं दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा आवेदन दर्ता गर्नुहुन सूचना आह्वान गरिन्छ । साथै रीत नपुगी वा म्याद नाघि प्राप्त आवेदन छनौटमा समावेश नगरीने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क.सं. | कार्यक्रमको नाम | अनुदान रकम | कार्यक्रम लागू हुने क्षेत्र | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |

**आवश्यक .कागजातहरुको सूची**

१. अनुसूची-१ बमोजिमको निवेदन
२. निवेदकको नेपालि नागरिकताको प्रतिलिपी
३. फार्म दर्ता/नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि
४सम्बन्धित वडा कार्यालयको सिफारिस
५. फार्म रहेको जग्गाको प्रमाणपूर्जाको प्रतिलिपी
६. PAN/VAT र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी
७. लिजमा लिएको जग्गा भए लिज सम्झौताको प्रतिलिपी
८. सम्बन्धित कार्यलयको नियमानुसार दस्तुर बुझाएको रसिद
९. फार्म र पालिएका पशु स्पष्ट देखिने तस्विर
१०. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि
११. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामावली
१२ स्थानीय तहले तोकेको अन्य आवश्यक कागजातहरु

## अनसूची -२

(परिच्छेद ३ को बुँदा ७ को उपबुँदा(३) सँग सम्बन्धित)

## संक्षिप्त कार्ययोजना

### १.आवेदकको विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क व्यक्तिको नाम | |
| ठेगाना | |
| सम्पर्क नम्बर | |
| दर्ता भएको भए दर्ता गर्ने निकाय र मिति | |

### २. हालको व्यवसायिक संलग्नता

| | |
|---|---|
| हालको संलग्न व्यवसायको नाम | |

### सञ्चालित क्रियाकलापहरु

| क्र.स. | हाल सञ्चालित क्रियाकलापहरु |
|---|---|
| | |
| | |
| | |
| | |
| | |

### मुख्य उत्पादन र कारोबार विवरण

| हाल उत्पादन गर्ने गरिएको वस्तुहरु | बषिक परिमाण | कारोबार रकम |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |
| व्यावसायबाट सिर्जित रोजगारी सङ्ख्या | | |

## ३. प्रस्तावित व्यावसायको विवरण

| सञ्चालन गरिने व्यवसाय | |
|---|---|

सञ्चालन गरिने क्रियाकलापहरु

| क्र.स. | प्रस्तावित क्रियाकलापहरु | इकाई | परिमाण | दर | कुल लागत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

लगत साझेदारी विवरण

| आवेदकले व्यहोर्ने रकम रु. | अनुदान रकम रु. | जम्मा |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

## ४. प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरु

क.

ख.

ग.

अनुसूची ३
(परिच्छेद ३ को बुँदा ७ उपबुँदा (३) सँग सम्बन्धित)

मितिः २०८१/     /

श्रीमान् प्रमुख,
..........................
बेल्टार, उदयपुर

**विषय : आवेदन पेश गरिएको बारे ।**

तहाँ कार्यालयको मिति २०८१/  / गतेको सुचना अनुसार **..............**कार्यक्रम सञ्चालन गर्न इच्छुक भई प्रस्तावित कार्य-योजना र आवश्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु। कार्यक्रम नियमानुसारको लागत साझेदारी गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै सम्पन्न गर्ने प्रबिद्धता समेत व्यक्त गर्दछु ।

**निवेदक**
नाम :
दस्तखत :

आवेदकको नाम :
स्थायी ठेगाना :
प्रस्तावित कार्यक्रमको नाम :
कार्यक्रम सञ्चालन हुने स्थान :

संलग्न कागजतहरुको सूची

| क.सं. | संलग्न कागजतहरुको विवरण |
|---|---|
| १. | |
| २. | |
| ३. | |
| ४. | |
| ५. | |
| | |

अनुसूची-४

(परिच्छेद ३ को बुँदा ७ को उपबुँदा(३) सँग सम्बन्धित)

**आवश्यक .कागजातहरुको सूची**

१. अनुसूची-२ अनुरुपको संक्षिप्त कार्ययोजना
२. अनुसूची-३ बमोजिमको निवेदन
३. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी
४. आवेदक सम्बन्धित सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि
५. कार्ययोजना अनुरुपको योग्यता, तालीम र अनुभव जनाउने कागजात
६. सहकारी संस्थाको हकमा सम्बन्धित व्यवसाय सञ्चालन गर्ने उदेश्य खुल्ने कागजातको प्रतिलिपि
७. संघ संस्थाको हकमा स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि
८. निर्माण कार्यको हकमा लागत इस्टिमेट र मेशिनरीहरुको हकमा स्पेसिफिकेशनको प्रतिलिपि
९. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाले कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि
१०. कृषक समूह/समिति/सहकारी/कम्पनी/संस्थाको कार्य समितिका पदाधिकारीहरुको नामावली
११. यसै प्रकृतिको कार्यका लागि विगत दुई(२) वर्षमा अनुदान नलिएको स्वघोषण पत्र
१२. कार्यक्रम सञ्चालन गर्ने प्रदेश र स्थानीयतहहरुको आवश्यकता अनुसारका अन्य कागजातहरु

अनसूची -५
परिच्छेद ३ को बुँदा ७ को उपबँदा (४) सँग सम्बन्धित)

| क.सं. | विवरण | अङ्भार |
|---|---|---|
| 1. | आवश्यक कागजनातहरु | ६ |
| 2. | लक्षित वर्ग, र मपदण्डको अनुरुप आवेदकको उपयुक्तता | १२ |
| 3. | कार्ययोजना अनुरुपको सामाजिक, भौगोलिक र वातावरणीय उपयुक्तता | १२ |
| 4. | कार्ययोजनामा प्रस्तावितक्रियाकलापहरुको सान्दर्भिक र कार्यक्रमसँगको  तालमेल | १५ |
| 5. | कार्ययोजनामा लागत साझेदारीको आँकलन | ५ |
| जम्मा | | ५० |

अनुसूची-६

(परिच्छेद ३ को बुँदा ७ को उपबुँदा(७)सँग सम्बन्धीत)

द्धिपक्षीय सम्झौता

आर्थिक वर्ष..........को सर्शत विनियोजन मार्फत प्राप्त..........कार्यक्रम सञ्चालन गर्ने श्री............कार्यालयं(यसपछि प्रथम पक्ष भनिने) र श्री ...............(यसपछि दोस्रो पक्ष भनिने) बिच तपसिल बमोजिमका शर्तहरु परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने गरी यो द्धिपक्षीय सम्झौता गरी दियौं/लियौं ।

तपशिल

१. प्रथम पक्षले सम्झौता अनुसार कार्यक्रम सञ्चालनका लागि रु...........अक्षरुपी..........रुपैयाँ

(नियमानुसारको कर कट्टा गरी) दोस्रो पक्षलाई अनुदान उपलब्ध गराउनेछ ।

२. दोस्रो पक्षले...........जिल्ला..........गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. .............नं. वडाको .............स्थानमा यसै आर्थिक वर्षको अन्त्यसम्ममा कार्यक्रम सम्पन्न गर्नेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेका स्वीकृ संक्षिप्त कार्य-योजना अनुसारका सम्पुर्ण कार्यहरु प्रविधिक मपदण्ड/नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, विल भर्पाइ र कार्य सम्पन्न प्रतिवेदन लगायतका कार्यहरु तथा निर्माण, खरिद, ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दास्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले नियमानुसारको बिल, भर्पाइ, कार्य सम्पन्न प्रतिवेदन आवश्यक अन्य कागजातहरु सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहरे दास्रो पक्षको वैङ्क खाता मार्फत बढीमा दुई किस्ता वा कार्यक्रम सम्पन्न भए पश्चात एकमुष्ठ भुक्तानी गरिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन/निरीषण गरी सम्झौता मुताविक कार्य भए/नभएको हेर्ने र आवश्यक सल्लाह सुझाव प्रदान गर्ने सक्नेछ ।

७. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन्न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दीगोपका लागि गरिने

सम्पूर्ण कार्यहरु तथा अप्रत्यशित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. दोस्रो पक्षले त्रैमासिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनेछ ।

९. दास्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निमायको नाम र अनुदान रकम उल्लेखित बोर्ड राख्नुपर्नेछ ।

१०. दोस्रो पक्षबाट अनुदान रकमको दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको  रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिस गर्न सक्नेछ ।

११. सार्वजनिक निकायबाट सञ्चालन गरिने पशुपंछी तथा मत्स्य विकास कार्यक्रम पूर्वाधार निर्माण(सार्वजनिक पशुपंछी तथा मत्स्य विकास सम्बन्धी) को हकमा अधिकतम १०० प्रतिशत लागत साझेदारी हुनेछ ।

१२. कृषक समूह वा सहकारी वा उपभोक्ता समिति र तिनमा आवद्ध अन्य कृषकहरु व उद्यमी वा लाभग्राही समुदायबाट निर्माण हुने सामुदायिक प्रयोजनका पशुपंछी तथा मत्स्य विकास पूर्वाधारहरु(सामुदायिक पशुपंछी तथा मत्स्य विकास सम्बन्धी पूर्वाधार) को हकमा अधिकतम ८५  प्रतिशत लागत साझेदारी हुनेछ ।

१३. निजी एवम् व्यावसायिक प्रयोजनका पशुपंछी तथा मत्स्य विकास पूर्वाधारहरु(निजी पशुपंछी तथा मत्स्य विकास पूर्वाधार) को हकमा अधिकतम ५० प्रतिशत लागत साझेदारी हुनेछ ।

१४. प्रविधिक प्रसार तालिम गोष्ठी जस्ता सार्वजनिक निकायबाट सञ्चालन हुने कार्यक्रमको हकमा अधिकतम १०० प्रतिशत लागत साझेदारी हुनेछ ।

१५. यस कार्यक्रम अन्तर्गत देहाय बमोजिका .क्रियाकलापहरु सञ्चालन गर्नु पर्ने छ ।

- क. पाडा खरिद तथा ढुवानी,
- ख. गाठ निर्माण/सुधार,
- ग. आहार व्यवस्थापन,
- घ. पशु पहिचान तथा अभिलेखिकरण
- ङ. जैविक सुरक्षा सम्बन्धी कार्यहरु,
- च. होर्डिङ्ग बोर्ड, कार्यक्रम सार्वजनिकीकरण, सार्वजनिक अनुगमन, प्रतिवेदन र अन्य प्रानिधिक कार्यहरु

.१६.  यस सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुने ।

| | |
|---|---|
| दोस्रो पक्षको तर्फबाट | प्रथम पक्षको तर्फबाट |
| हस्ताक्षर | हस्ताक्षर |
| नाम : | नाम : |
| पद : | पद : |
| संस्थाको नाम : | कार्यालय : |
| संस्थाको छाप : | कार्यालय छाप : |

| | |
|---|---|
| रोहवर | रोहवर |
| हस्ताक्षर | हस्ताक्षर |

नाम :